**गौमुखी गाँउपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि**
**२०७४**
**गौमुखी गाँउपालिकाको कार्यालय**
**पुजा, प्युठान ।**

**गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७४।११।२५**

## प्रस्तावना

विपद्को दृष्टिकोणबाट नेपाल संसार कै संवदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाइसराई, जथाभावी वन फडानी तथा अतिक्रमण, अवैज्ञानिक खेती प्रणाली, कृषिमा अव्यवस्थित चाप, जनसंख्याको बढ्दो चाप, अव्यवस्थित शहरीकरण, अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायु जन्य जोखिम, जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो, महामारी, झाडा पखाला, अनिकाल आगलागी र भूकम्प जस्ता दुर्घटनामा हजारौं मानिसहरुको मृत्यु हुने गरेको छ । गौमुखी गाउँपालिका  भौगोलिक दृष्टिकोणले प्युठान जिल्लाको सबैभन्दा दुर्गम तथा विकट गाउँपालिका हो । झिमरुक नदी तथा यसका अन्य सहायक नदीमा आउने बाढी तथा पहाडी भुःभागमा हुने पहिरोको कारण प्रत्येक वर्ष मानविय क्षतिका साथै पशु चौपाय तथा भौतिक संरचनामा क्षति पुग्दै आइरहेको छ जसले गर्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यसरी हुने गरेका मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्नका लागि स्थानीय तह संचालन सम्बन्धि आदेश २०७४ बमोजिम गाँउपालिकाको कोषमा जम्मा भएको रकम गाँउपालिका विपद् कोष खडा गरी सोही कोष मार्फत यस्ता प्रकारका क्षतिमा खर्च गर्दा प्रभावकारी हुने देखि विपद्कोष व्यवस्थापन कार्यविधि, २०७४ लागु गरिएको छ ।

## उद्देश्य :-

(क) विपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु ।

(ख) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु ।

(ग) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।

(घ) विपद्बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्कालै राहत उपलव्ध गराउनु ।

(ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु  वातावरण मैत्री विकास प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

(च) विपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना प्रकोप पूर्वको तयारीका लागि उपलव्ध गराउनु ।

(छ) राष्ट्रिय योजना आयोगले बनाएको उद्देश्य परिपूर्तिका लागि उन्मुख हुनु ।

(ज) विपद्का लागि लागु हुने प्रयास रोकथाम मूलक मात्र  नवनाइ उपचार मूलक बनाउनु ।

(झ) विपद् व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु ।

(ञ) विपद् सम्वन्धी सूचना दिने प्रविधिको संचालन तथा व्यवस्थापन गर्नु ।

## संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नाम :- यस कार्यविधीको नाम गौमुखी  गाँउपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि, २०७४ रहनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाको निर्णय पछि तुरुन्त लागु हुनेछ ।

## परिभाषा

(क) विपद् कोष भन्नाले :- स्थानीय तहको शासन सञ्चालन सम्बन्धि आदेश २०७४ बमोजिम गौमुखी गाँउपालिकामा स्थापित विपद् कोष बुझिनेछ ।

(ख) कार्यविधि भन्नाले गौमुखी गाँउपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि, २०७४ लाई बुझाउने छ ।

(ग) व्यवस्थापन समिति :- भन्नाले गौमुखी गाउँपालिकाको विपद् व्यवस्थापन समितिलाई बुझाउँछ ।

(घ) गा.पा. भन्नाले :- गौमुखी गाँउपालिकाको कार्यालय, प्युठानलाई जनाउँछ ।

(ङ) विपद् भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धन जन, पशु चौपायाको क्षतिको साथै जीवन यापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

(च) प्राकृतिक विपद् भन्नाले बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, भूकम्प, ज्वालामुखी विष्फोट, बाढी, पहिरो, चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(छ) गैर प्राकृतिक विपद् भन्नाले महामारी, अनिकाल, डढेलो, आगलागि ,कीट आतङ्क, वर्डफ्लू, जनावर आतङ्क खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन विशाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ ।

(तर गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

(ज) विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् पुनर्लाभ संग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(झ) विपद् जोखिम न्यूनीकरण भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम, तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण संग सम्वन्धित कार्य सम्झनु पर्छ ।

(ञ) पूर्व तयारी भन्नाले विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

# विपद् व्यवस्थापन समिति गठन

(१) विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रम सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक विपद् व्यवस्थापन समिति रहनेछ ।

१) गाउँपालिका अध्यक्ष (अध्यक्ष)

२) सबै वडाका वडा अध्यक्ष (सदस्य)

३) स्वास्थ्य संयोजक वा सह संयोजक (सदस्य)

४) सुरक्षा निकाय प्रमुख (सदस्य)

५) पुर्वाधार निर्माण सम्बन्धि कार्यालय प्रमुख (सदस्य)

६) राजनीतिक दलका प्रतिनिधि (सदस्य)

७) रेडक्रस शाखा प्रमुख (सदस्य)

८) गैर सरकारी संघका प्रतिनिधि (सदस्य)

९) पत्रकार महासंघ प्रनिनिधि (सदस्य)

१०) उद्योग वाणिज्य संघ इलाका प्रतिनिधि (सदस्य)

११) अधिकृत स्तरको कर्मचारी (सदस्य सचिव)

आवश्यकता परेमा विपद् व्यवस्थापन समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको काम कर्तव्य र अधिकार

- गाँउपालिका विपद् कोष व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- विपद्को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने ।
- विपद्का लागि पूर्व तयारीमा रहने
- विपद् पछि प्राप्त राहत सामाग्री वितरणको व्यवस्थापन गर्ने ।
- विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाँउपालिकालाई सिफारिस गर्ने ।

## समितिको बैठक

गणपुरक संख्या

(१) समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ । तर आपतकालिन अवस्थामा अध्यक्षले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

(२) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि वस्न सक्नेछ ।

(३) यस समितिका पदाधिकारीले बैठक बसेको दिन गा.पा.का पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन् ।

## कोषको स्थापना र सञ्चालन

(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) .गौमुखी गाउँपालिकाबाट वार्षिक रुपमा  विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग रकम ।

(घ) अन्य स्रोत

(२) कोषको सञ्चालन : यस कोषको रकम गाँउपालिका विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरी गाउँपालिकाको अन्य आर्थिक कार्यप्रणाली अनुरुप खर्च गरीने छ ।

(३) कोषमा जम्मा भएको रकम :- यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

(४) लेखा परीक्षण : यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

(५) खाता सञ्चालन : यस कोषको खाता सञ्चालन गौमुखी गाउँपालिकाको अन्य आर्थिक प्रशासन सञ्चालन सरह हुनेछ ।

## उद्धार तयारी व्यवस्थापन :

(क) विपद्को जोखिममा रहेको क्षेत्रको तथा को व्यवस्था गर्ने ।

(ख) तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न, औषधि एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने ।

(ग) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई गाँउपालिका विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(घ) विपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विद्यालय,स्वास्थ्य केन्द्र वाहेक तत्कालका लागि अस्थायी रुपमा पुर्नस्थापना गर्ने ।

## आपतकालिन उद्धार तथा राहत वितरण :

(क) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. ५०,०००। का दरले मृतकका परिवारलाई सहयोग उपलव्ध गराउने ।

(ख) विपदबाट घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्ह वाली तथा जग्गा जमीन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि रु. ५,०००।
ग) प्रयोगमा रहेको गोठ पूर्ण रुपमा क्षति भएमा रु.२०००। प्रति परिवार राहत सहयोग उपलव्ध गराउने ।

(घ) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखि शिविर संचालन तथा आवश्यक सहयोग र समन्वय गर्ने ।

(ङ) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सरजिमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित यस समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतकको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ ।

**अनुगमन तथा प्रतिवेदन सम्वन्धमा :**

(१) यो निर्देशिका अनुसार गरिएका काम कारवाहीको लागि गाँउपालिका बाट अनुगमन गरिनेछ ।
(२) यो निर्देशिका अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गरिनेछ ।

**संशोधन तथा परिमार्जन सम्वन्धमा :**

(१) गाँउपालिका विपद् कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

**गौमुखी गाँउपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि**
**२०७४**
**गौमुखी गाँउपालिकाको कार्यालय**
**पुजा, प्युठान ।**

**गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७४।११।२५**
**गाउँकार्यपालिकाबाट संशोधन मिति : २०७५।०४।१७**

## प्रस्तावना

विपद्‌को दृष्टिकोणबाट नेपाल संसार कै संवदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाइसराई, जथाभावी वन फडानी तथा अतिक्रमण, अवैज्ञानिक खेती प्रणाली, कृषिमा अव्यवस्थित चाप, जनसंख्याको बढ्दो चाप, अव्यवस्थित शहरीकरण, अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायु जन्य जोखिम, जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो, महामारी, झाडा पखाला, अनिकाल आगलागी र भूकम्प जस्ता दुर्घटनामा हजारौं मानिसहरुको मृत्यु हुने गरेको छ । गौमुखी गाउँपालिका  भौगोलिक दृष्टिकोणले प्युठान जिल्लाको सबैभन्दा दुर्गम तथा विकट गाउँपालिका हो । झिमरुक नदी तथा यसका अन्य सहायक नदीमा आउने बाढी तथा पहाडी भु:भागमा हुने पहिरोको कारण प्रत्येक वर्ष मानविय क्षतिका साथै पशु चौपाय तथा भौतिक संरचनामा क्षति पुग्दै आइरहेको छ जसले गर्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यसरी हुने गरेका मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्नका लागि स्थानीय तह संचालन सम्बन्धि आदेश २०७४ बमोजिम गाँउपालिकाको कोषमा जम्मा भएको रकम गाँउपालिका विपद् कोष खडा गरी सोही कोष मार्फत यस्ता प्रकारका क्षतिमा खर्च गर्दा प्रभावकारी हुने देखि विपद्‌कोष व्यवस्थापन कार्यविधि, २०७४ लागु गरिएको छ ।

## उद्देश्य :-

(क) विपद्‌मा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु ।

(ख) विपद्‌का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु ।

(ग) विपद्‌को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।

(घ) विपद्बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्कालै राहत उपलव्ध गराउनु ।

(ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु  वातावरण मैत्री विकास प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

(च) विपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना प्रकोप पूर्वको तयारीका लागि उपलव्ध गराउनु ।

(छ) राष्ट्रिय योजना आयोगले बनाएको उद्देश्य परिपूर्तिका लागि उन्मुख हुनु ।

(ज) विपद्का लागि लागु हुने प्रयास रोकथाम मूलक मात्र  नवनाइ उपचार मूलक बनाउनु ।

(झ) विपद् व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु ।

(ञ) विपद् सम्वन्धी सूचना दिने प्रविधिको संचालन तथा व्यवस्थापन गर्नु ।

**संक्षिप्त नाम र प्रारम्भ**

(१) संक्षिप्त नाम :- यस कार्यविधीको नाम गौमुखी  गाँउपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि, २०७४ रहनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाको निर्णय पछि तुरुन्त लागु हुनेछ ।

**परिभाषा**

(क) विपद् कोष भन्नाले :- स्थानीय तहको शासन सञ्चालन सम्बन्धि आदेश २०७४ बमोजिम गौमुखी गाँउपालिकामा स्थापित विपद् कोष बुझिनेछ ।

(ख) कार्यविधि भन्नाले गौमुखी गाँउपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि, २०७४ लाई बुझाउने छ ।

(ग) व्यवस्थापन समिति :- भन्नाले गौमुखी गाउँपालिकाको विपद् व्यवस्थापन समितिलाई बुझाउँछ ।

(घ) गा.पा. भन्नाले :- गौमुखी गाँउपालिकाको कार्यालय, प्युठानलाई जनाउँछ ।

(ङ) विपद् भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धन जन, पश ुचौपायाको क्षतिको साथै जीवन यापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

(च) प्राकृतिक विपद् भन्नाले बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, भूकम्प, ज्वालामुखी विष्फोट, बाढी, पहिरो, चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(छ) गैर प्राकृतिक विपद् भन्नाले महामारी, अनिकाल, डढेलो, आगलागि ,कीट आतङ्क, वर्डफ्लू, जनावर आतङ्क खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन विशाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ ।

(तर गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

(ज) विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् पुनर्लाभ संग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(झ) विपद् जोखिम न्यूनीकरण भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम, तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण संग सम्वन्धित कार्य सम्झनु पर्छ ।

(ञ) पूर्व तयारी भन्नाले विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

# विपद् व्यवस्थापन समिति गठन

(१) विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रम सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक  विपद् व्यवस्थापन  समिति रहनेछ ।

१) गाउँपालिका अध्यक्ष (अध्यक्ष)

२) सबै वडाका वडा अध्यक्ष (सदस्य)

३) स्वास्थ्य संयोजक वा सह संयोजक (सदस्य)

४) सुरक्षा निकाय प्रमुख (सदस्य)

५) पुर्वाधार निर्माण सम्बन्धि कार्यालय प्रमुख (सदस्य)

६) राजनीतिक दलका प्रतिनिधि (सदस्य)

७) रेडक्रस शाखा प्रमुख (सदस्य)

८) गैर सरकारी संघका प्रतिनिधि (सदस्य)

९) पत्रकार महासंघ प्रनिनिधि (सदस्य)

१०) उद्योग वाणिज्य संघ इलाका प्रतिनिधि (सदस्य)

११) अधिकृत स्तरको कर्मचारी  (सदस्य सचिव)

आवश्यकता परेमा विपद् व्यवस्थापन समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको काम कर्तव्य र अधिकार

- गाँउपालिका विपद् कोष व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- विपद्को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने ।
- विपद्का लागि पूर्व तयारीमा रहने
- विपद् पछि प्राप्त राहत सामाग्री वितरणको व्यवस्थापन गर्ने ।
- विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाँउपालिकालाई सिफारिस गर्ने ।

## समितिको बैठक

गणपुरक संख्या

(१) समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ । तर आपतकालिन अवस्थामा अध्यक्षले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

(२) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि वस्न सक्नेछ ।

(३) यस समितिका पदाधिकारीले बैठक बसेको दिन गा.पा.का पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन् ।

## कोषको स्थापना र सञ्चालन

(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) .गौमुखी गाउँपालिकाबाट वार्षिक रुपमा  विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग रकम ।

(घ) अन्य स्रोत

(२) कोषको सञ्चालन : यस कोषको रकम गाँउपालिका विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरी गाउँपालिकाको अन्य आर्थिक कार्यप्रणाली अनुरुप खर्च गरीने छ ।

(३) कोषमा जम्मा भएको रकम :- यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

(४) लेखा परीक्षण : यस कोषको आन्तरिक लेखा परीक्षण  आ.ले.प.शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

(५) खाता सञ्चालन : यस कोषको खाता सञ्चालन गौमुखी गाउँपालिकाको अन्य आर्थिक प्रशासन सञ्चालन सरह हुनेछ ।

**उद्धार तयारी व्यवस्थापन :**

(क) विपद्को जोखिममा रहेको क्षेत्रको  तथा  को व्यवस्था गर्ने ।

(ख) तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न, औषधि एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने ।

(ग) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई गाँउपालिका विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(घ) विपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विद्यालय,स्वास्थ्य केन्द्र वाहेक तत्कालका लागि अस्थायी रुपमा पुर्नस्थापना गर्ने ।

**आपतकालिन उद्धार तथा राहत वितरण :**

(क) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. क५०,०००। का दरले मृतकका परिवारलाई सहयोग उपलव्ध गराउने ।

(ख) विपदबाट घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्ह वाली तथा जग्गा जमीन समेत नोक्सानी  भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि रु. १०,०००।
ग) प्रयोगमा रहेको गोठ पूर्ण रुपमा क्षति भएमा रु.५०००। प्रति परिवार राहत सहयोग उपलव्ध गराउने ।

(घ) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखि शिविर संचालन तथा आवश्यक सहयोग र समन्वय गर्ने ।

(ङ) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सरजिमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित यस समितिमा निवेदन पेश गर्नु पर्नेछ। मृतकको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ।

**अनुगमन तथा प्रतिवेदन सम्वन्धमा :**

(१) यो निर्देशिका अनुसार गरिएका काम कारवाहीको लागि गाँउपालिका बाट अनुगमन गरिनेछ।
(२) यो निर्देशिका अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गरिनेछ।

**संशोधन तथा परिमार्जन सम्वन्धमा :**

(१) गाँउपालिका विपद् कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ।